नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्यालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१७७ दायर मितिः-२०८१/०७/२६**

**फैसला मितिः-२०८१/०८/१०**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **महाविर प्रसाद साहको जाहेरीले नेपाल सरकार.........................१** | जिल्ला पर्सा बहुदरमाई न.पा.वडा नं.२ बस्ने पन्नालाल साहको छोरा बर्ष २५ को गोपी साह........१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका बिनय प्रसाद पटेल समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको आंशिक ईन्कारी बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०५।०२ गते बिहान अ.१०:०० बजेको समयमा जिल्ला पर्सा बहुदरमाई न.पा.वडा नं.२ स्थित सडकमा प्रतिवादी गोपी साहले मेरो बाटो छेकी बितेका कुराहरु निकाली अनावश्यक बिवाद गर्दै अश्लिल शब्द प्रयोग गरी गाली गलौज तथा हातपात समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी गोपी साहलाई कैद दिन ७, जरिवाना रु.१५००/- अक्षेरपी एक हजार पाँच सय र क्षतिपूर्ती शुल्क रु.२००/- मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी गोपी साहलाई ठहरेको कैद दिन ७ को हकमा निज मिति २०८१/०७/१९ देखि २०८१/०७/२५ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा क्षतिपूर्ती शुल्कको हकमा र.नं.१२८/२०८१/०७/२६ बाट दाखिला गरेको धरौटी रकम रु१७००/- बाट जरिवाना रकम रु.१०००/- र क्षतिपूर्ती शुल्क रु.२००/- कट्टी गर्नु-----------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ मंसिर महिना १० गते सोमवार रोज २/ ने.सं. ११४५ कछलागा दशमी, शुभम् .......